हरिहरपुरगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झनझने, सिन्धुली
बागमती प्रदेश, नेपाल

प.सं. २०८२/०८३
चु.नं. ४९

## किसान सूचीकरण सहजकर्ता (गणक) आवश्यकता सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०८२/०७/१९ गते)

प्रस्तुत विषयमा यस हरिहरपुरगढी गाउँपालिका कृषि विकास शाखाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम तर्फको किसान सूचीकरण कार्यक्रम अनुसार किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१ अन्तर्गत **खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धि ऐन २०७५ को दफा ४७** ले दिएको अधिकार प्रयोग गरी किसानको पहिचान गरि सरकारी तबरबाट तथ्यपरक योजना तथा कार्यक्रमको तर्जुमा गर्न र किसानहरुलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न तिनै तहको साझेदारीमा किसानहरुको आवश्यक विवरणहरु विद्युतिय प्रणाली मार्फत संकलन गरी विद्युतीय प्रणाली व्यवस्थापन तथा सञ्चालन गर्न किसान सूचीकरण गर्ने कार्यक्रम रहेको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ । साथै किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१ को परिच्छेद ६ (जनशक्ती व्यवस्थापन) को दफा २३ मा रहेको व्यवस्था अन्तर्गत यस गाउँपालिकाको लागि सहजकर्ता (गणक) नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र (२०८२/०८/२० सम्म) **हरिहरपुरगढी गाउँपालिका, कृषि विकास शाखामा** दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी आएका दरखास्त उपर कुनै कार्वाही गरिने छैन ।

| क्र.सं. | पद | माग संख्या | न्यूनतम योग्यता | सेवा सुविधा | कैफियत |
|---|---|---|---|---|---|
| १. | कृषि सहजकर्ता (गणक) | १६ जना | १. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा १२ वा सो सरह उतिर्ण ।<br>२. १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) ।<br>३. आधारभुत कम्प्युटर सीप तालिम लिएको । | किसान सूचीकरण कार्यमा संलग्न सहजकर्ता र सम्पर्क व्यक्तिको सेवा सुविधा सम्बन्धी खर्चको मापदण्ड (नर्म्स), २०८२ अनुसार। | |

आवश्यक कागजातहरू:

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
- कम्प्युटर तालिमको प्रमाणपत्रको प्रतिलिपि ।

विशेष प्राथमिकता:

- कृषि तथा पशुपालन विषयमा जे.टि./जे.टि.ए वा १२ कक्षा उत्तिर्ण भएको ।
- स्मार्ट फोन वा ल्यापटप वा टयाबलेट साथमा भएको ।
- ईमेल/इन्टरनेट चलाउन सक्ने ।

प्रदिप देवकोटा
कृषि अधिकृत (छैठौं)

०६/१५
तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

Email: hariharpurgadhi@gmail.com

प.सं. २०८२/०८३
चं.नं. ५९

- जनगणना तथा सर्वेक्षण वा विगतमा कृषि तथ्याङ्क संकलन कार्यमा अनुभव हासिल गरेको ।
- सम्बन्धित वडाको बासिन्दा भएमा ।

कामको विवरण: किसान सूचीकरण कार्यक्रमको लागी आवश्यक कृषि तथा पशुपन्छी तथ्याङ्क संकलन गरी किसान सूचीकरण सूचना प्रणालीमा प्रविष्ट गर्ने ।

आवेदन दस्तुर: रु. ४००/-

छनौटको किसिम: सर्ट लिष्टमा परेका आवेदकहरुको अन्तर्वार्ताबाट ।

काम गर्नुपर्ने स्थान: हरिहरपुरगढी गाउँपालिका भित्र ।

अन्य थप जानकारीको लागी:
सम्पर्क गर्ने स्थान, मिति र सम्पर्क नम्बर: हरिहरपुरगढी गाउँपालिका; कृषि विकास शाखा; २०८२/०८/२० गतेसम्म (३० दिन भित्र) । कृषि विकास शाखा प्रमुख- ९८५४०४५२७३

प्रवेश देवकोटा
कृषि अधिकृत (छैठौं)

०८/१९
तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत